The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# स्नातक तहको नेपाली पाठ्यक्रममा लैङ्गिक चेतना

नानीमाया राना -उप प्राध्यापक)
ग्र्याजुएट स्कुल अफ एजुकेसन
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत
https://orcid.org//0009-0005-3205-0162

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख मध्यपश्चिम विश्वविद्यालय ग्रयाजुयट स्कुल अफ एजुकेशनको स्नातक तह शिक्षा शास्त्र सङ्कायको नेपाली विषयको पाठयक्रममा रहेका रचनामा लैङ्गिक प्रतिनिधित्वको विश्लेषणमा केन्द्रित छ । गुणात्मक ढाँचाको अवलम्बन गरिएको यस अध्ययनमा पाठविश्लेषण पद्धतिलाई अपनाइएको छ । स्नातक तहको  नेपाली पाठ्यक्रममा तोकिएका आख्यान र कविताकाव्य रचनाहरुको लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक प्रतिरोधी चेतनाका पक्षबाट अध्ययन गरी पाठयसामग्रीको गहन पठनबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनपश्चात प्राप्त सामग्रीलाई तालिकीकरण गरिएको छ । प्रस्तुत अध्ययनमा स्नातक तहको नेपाली विषयमा चयन गरिएका रचनामा रहेको लैङ्गिक चेतनाको अवस्थालाई लैङ्गिकताको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । यसमा लैङ्गिक प्रतिनिधित्व र समताको अवस्था, महिला र पुरुषले निर्वाह गर्ने परम्परागत भूमिका, लैङ्गिक उत्पीडनका विरुद्धको प्रतिरोध तथा सामाजिक न्यायका दृष्टिले पाठयक्रममा रहेका पाठहरूको लैङ्गिक विश्लेषण गरिएको छ । पाठयक्रममा प्रतिनिधित्व, सन्तुलन र समन्वयका दृष्टिले बढी मात्रामा पुरुषपक्षीय भएको निष्कर्ष प्रस्तुत गरिएको छ । यस अनुसन्धानमा लैङ्गिक संवेदना र पाठयक्रम तथा पाठयक्रमा रहेका पाठमा लैङ्गिक सन्तुलनको पक्ष समावेशी हुन नसकेको निष्कर्ष समेत प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।*

***शब्दकुञ्जी*** *:* लैङ्गिकता, प्रतिनिधित्व, समतामूलक, विभेदकारी, न्यायशील

## परिचय

विद्यार्थीहरूलाई के पढाउने भन्ने कुराको हेक्का दिलाउने दस्ताबेज नै पाठ्यक्रम हो । यो विद्यालयको निर्देशनमा तयार गरिएको विद्यार्थीहरूको सिकाइ अनुभवमा आधारित व्यवस्थित एवम् नियोजित शैक्षणिक कार्यक्रम हो । यसले विद्यालयमा पढाइने र सिक्ने विषयवस्तु निर्धारण गर्दछ । यसले शिक्षण सिकाइका क्रममा शिक्षकलाई मार्ग निर्देशन दिने काम गर्दछ । पाठयक्रममा लैङ्गिक चेतना भन्नाले पुरुष र महिलाको प्रतिनिधित्व भन्ने बुझिन्छ । पाठ्यक्रमद्वारा शिक्षा प्राप्त हुने हुँदा लैङ्गिक समानताको बारेमा जानकारी दिन यो उपयोगी हुन्छ । यसले लैङ्गिक असमानताका सन्दर्भमा देखिएको अवस्थालाई परिवर्तन र समर्थन गरेर समानताको लागि प्रवर्द्धन गर्नमा सहयोग गर्न सक्छ । समाजको आधा हिस्साका रूपमा रहेका महिलाहरूको उपस्थिति पाठ्यक्रममा कसरी भएको छ र पुरुष महिला प्रस्तुतिको सन्तुलन के कस्तो छ भन्ने कुराले सांस्कृतिक सन्तुलनका साथै सिकाइमा समेत प्रभाव पार्ने गर्दछ । यही पुरुष महिला प्रस्तुतिको सन्तुलन वा असन्तुलनको स्थितिको अध्ययन नै पाठ्यक्रमको लैङ्गिक अध्ययनको मुख्य सन्दर्भ हो । पितृसत्तात्मक समाजमा प्रायः नारीहरू पुरुषबाट शोषित र उत्पीडित बनेका देखिन्छन् । यस्ता शोषण, दमन, उत्पीडन र उपेक्षाबाट मुक्त भई समानतापूर्ण, न्यायपूर्ण,

स्वतन्त्रतापूर्ण र समान अस्तित्वको खोजी गर्ने चिन्तन र सोअनुसारको व्यवहारका आधारमा पाठ्यक्रम निर्माण गर्नु लैङ्गिक प्रतिनिधित्वको स्थान हो ।

पाठयक्रममा रहेका पाठका सर्जक पुरुष वा महिला तथा पाठयक्रमभित्र रहेका पाठको विषयको केन्द्रमा रहेको महिला र पुरुष विषयको सन्तुलित प्रस्तुति आदि पक्ष नै पाठयक्रममा रहेको लैङ्गिक प्रस्तुतिको विषय हो । पाठयक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनको स्पष्ट व्यवस्था गरिएको हुन्छ । यस्तो पाठयक्रम व्यक्ति, परिवार, समाज, धर्म, संस्कृति र परम्परासँग सम्बद्ध रहन्छ । शिक्षण सिकाइमा पाठयक्रमका माध्यमबाट शिक्षकले यी मान्यताहरूलाई प्रस्तुत गरिरहेको हुन्छ । पाठयक्रमको सन्तुलन नभएसम्म लैङ्गिक सन्तुलन पनि व्यावहारिक रूपमा हुन सक्दैन । यसका लागि पाठयक्रममा प्रयोग गरिने भाषा, लैङ्गिक उपस्थिति, लैङ्गिकता र संरचना, सामग्री र पाठ लगायतका विषयमा ध्यान पुर्‍याउनु पर्दछ । स्नातक तहको नेपाली विषयको पाठयक्रम नेपाली भाषाका साथै साहित्यका माध्यमबाट सामाजिक चेतनाको निर्माण र त्यसको संवेदनासँग जोडिएर बहस गर्ने विषय हो । परिवर्तित राजनीतिक सामाजिक सन्दर्भ र विकसित हुँदै गएको चेतनाका तहलाई सम्बोधन गर्ने खालका सामग्रीको चयन नेपाली विषयको पाठयक्रमले गर्न सकेको छ कि छैन भन्ने कुरालाई हेर्ने सबैभन्दा संवेदनशील विषय लैङ्गिकता नै हो । वर्तमान समयसम्म शिक्षाशास्त्र सङ्काय स्नातक र स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमको तुलनात्मक अध्ययन गरिएको भएतापनि लैङ्गिक प्रतिनिधित्वको अध्ययन हुन सकेको छैन । शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहको नेपाली विषयमा रहेका आख्यान, नाटक र कविताकाव्य पाठहरूको  विश्लेषण गरी यसलाई सीमाङ्कन गरिएको छ । यस अध्ययनमा स्नातक तह नेपाली विषयको पाठयक्रमको पाठयवस्तु लैङ्गिक दृष्टिले कति सन्तुलित छ भन्ने प्राज्ञिक जिज्ञासा मेटाउनका लागि पाठयक्रममा समावेश गरिएका आख्यान, नाटक तथा कविताकाव्यको मात्र पठन गरी प्राप्त सामग्रीको लैङ्गिक विश्लेषण गरिएको छ ।

## लैङ्गिक चेतनाको सैद्धान्तिक आधार

लैङ्गिकतालाई नेपालीमा सामाजिक लिङ्ग भनेर बुझिन्छ । हाम्रो परिवार, समाज र संस्कृतिले बनाएका महिला र पुरुषका भूमिकाहरू र जिम्मेवारीहरूलाई लैङ्गिकता भनिन्छ । यी भूमिकाहरू सामाजिकीकरणमा आधारित हुन्छन् । त्यसैले लैङ्गिकताको अवधारणा देश, काल, परिस्थिति, संस्कृति र वर्ग अनुसार परिवर्तन भइरहन्छ । पाण्डे (२०६६) का अनुसार "लैङ्गिकतामा महिला र पुरुषको भूमिका, उक्त भूमिका बिचको सम्बन्ध, परिवर्तित समय र संस्कृति त्यसमा परिवर्तन जस्ता चारओटा तत्त्वहरू समावेश भएका हुन्छन्" (पृ.९३) । बलायर (२०६५, पृ.३३) ले "महिला र पुरुष बीच रहेको सामाजिक भिन्नतालाई लैङ्गिकता" भनेर चिनाएका छन् । लैङ्गिक भिन्नताको कुरा गर्दा समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोतसाधन दिन्छ, उनीहरूमा कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ, कस्ता कस्ता संस्कार सिकाउँछ, महिला र पुरुषप्रति कस्तो दृष्टिकोण राख्छ भन्ने विषयहरू हेरिनु पर्दछ । लैङ्गिक समानताले समाजमा शिक्षा, स्वास्थ्य, रोजगार, आय तथा विज्ञान र प्रविधिका पक्षमा न्यायपूर्ण समानतालाई  जनाउँछ ।

परम्परादेखि चल्दै आएको लैङ्गिक सम्बन्ध, व्यवहार र भूमिकामा परिवर्तन गरी महिला र पुरुष बिच समान किसिमको अधिकार र पहुँच हुनुपर्दछ भन्ने मान्यता राख्दछ (बराल, २०६६, पृ.१९) । यसले सामाजिक न्यायलाई जोड दिन्छ । जबसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले न्यायपूर्ण वातावरण पाउँदैनन् र उनीहरूको अवस्थाअनुरूप अवसर दिइँदैन तबसम्म समान अधिकार दिएर पनि समान किसिमले उपभोग र परिचालन गर्न सक्दैनन् । त्यसैले यस्ता अवसरहरूको सदुपयोग गर्न उनीहरूको क्षमतामा सशक्तीकरण गरिनुपर्दछ भन्ने भाव लैङ्गिक समानताले राख्दछ (ढुङ्गाना, २०६६, पृ.१५) । बेल्ट्रान (सन् २०१८) ले कुनै व्यक्ति वा समूहको दृश्य, श्रव्य र लिखित चित्रण प्रतिनिधित्व हो, यस शब्दले चित्रहरू र पाठको अर्थ र ती अर्थहरू कसरी ग्रहण गर्छन् भन्ने कुरालाई व्यापक रूपमा बुझाउँछ भनेर यसलाई चिनाएका छन् (पृ. ९७-१०८) । लैङ्गिक समानता आजको आवश्यकता हो । भूमिकाको विकास र खोजी गर्न पाउने स्वतन्त्रता महिलाको अधिकार

हो । जहाँ महिला र पुरुषका फरक व्यवहार, आकाङ्क्षा र आवश्यकताहरूलाई समान रूपमा मूल्य मान्यता र रोजाइ प्रदान गरिन्छ । यसले महिला र पुरुष एकै हुनुपर्छ भन्ने अर्थ नदिएर तिनीहरू बिच अधिकार, उत्तरदायित्व र अवसरहरूलाई उनीहरूका बिच विभेद गरिनु हुँदैन भन्ने मान्यता अगाडि सार्दछ । समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्थाको पहिचान नै लैङ्गिक प्रतिनिधित्व हो (एल खोली, २०१२, पृ.२) । लैङ्गिक विषय समाजका विविध पक्षसँग जोडिएको हुन्छ । समाजमा आर्थिक, राजनीतिक, सामाजिक र धार्मिक लगायतका हरेक क्षेत्रमा व्यक्तिको भूमिका र उपस्थितिले लैङ्गिक पक्षलाई बुझाउँछ ।

लैङ्गिक अध्ययनले महिला र पुरुषको प्राकृतिक भिन्नताको नभएर सामाजिक सांस्कृतिक भिन्नताको अध्ययन गर्दछ । सामाजिक मूल्य, मान्यता, धर्म र संस्कृतिका आधारमा समाजमा महिला र पुरुषले छुट्टाछुट्टै भूमिका निर्वाह गर्दछन् जसले उनीहरूको लैङ्गिक पक्षलाई चिनाउँछ (भट्टराई, २०७७, पृ. १०७) । यस्तो सामाजिक भूमिका समाजैपिच्छे भिन्न खालको हुन सक्छ । घरपरिवार र समाजमा छोराले जस्तो सद्भाव र माया छोरीले पाउन नसकेर समाजबोधको क्षमता महिलामा कम देखिन्छ । वर्तमानको विकसित समाजमा महिलालाई गरगहना, लुगा, शृङ्गारमा पुँजीवादी संस्कृति र बजारले बढी प्रभावित पारेको छ (होपर, सन २०१५, पृ. २९) । समतामूलक समाजको लागि छोरा र छोरीका प्रसङ्गमा कुनै पनि प्रकारको विभेद गरिनुहँदैन, यी दुवैको अवस्थालाई समान रूपमा अगाडि बढाउनुपर्छ भन्ने कुरा नै लैङ्गिक चेतनाको मूल मान्यता हो । समाजमा महिलाको भूमिकालाई परम्परागत सोच तथा पुरुषले दमनको सोचले  व्यवहार गरिरहेका हुन्छन् । त्यसैले लैङ्गिक अध्ययनमा पनि नारीपक्षीय चेतनालाई सबल रूपमा प्रस्तुत गरिन्छ । समाजमा रहेको परम्परागत लैङ्गिक भूमिका र त्यसमा परिवर्तन आउन नसकेको कारण यसैलाई समाजले पनि जोड गरेकोले समाजमा उदात्त मार्ग बन्द भएको हो (गोल्भर र काप्लान, सन २००७, पृ. २३) । यस्तो भूमिका परिवर्तनमा चेतना निर्माण गर्ने काम नारीवादी चिन्तनबाट सुरु भएको हो । यसले समाजमा भएको लैङ्गिक असमानता तथा सत्ताको असन्तुलनका विरुद्ध सङ्घर्ष गर्दछ (कस्तबार, सन २०१६, पृ. १७) ।

साहित्यमा नारीवादको प्रयोग बिसौँ शताब्दीको मध्यदेखि सचेत रूपमा भएको हो । नारीवादी चिन्तनको विकाससँगै लैङ्गिक चेतना पनि जोडिन पुग्यो । लैङगिक चेतनाको पहिलो घोषणापत्र ओलम्पी दि गुजेको डिक्लारेसन अफ दि राइट्स अफ विमेन एन्ड सिटिजन (सन १७९१) लाई मानिन्छ । यसमा स्त्रीलाई पुरुषले जमाउने शासनको विरोधका साथै मताधिकार र सामाजिक राजनीतिक समानताको माग गरिएको छ (कात्यायनी र सत्यम, सन २००९, पृ. ११) । उक्त कार्य पश्चात मेरी उल्स्टनक्राफ्टको ए विन्डिकेसन अफ द राइट्स अफ वुमन (१७९२) पुस्तकमा महिलालाई शिक्षा र उनीहरुको व्यक्तित्वको विकासमा जोड दिइएको छ (त्रिपाठी, सन २०१२, पृ. ४५) । सन १९२९ मा भर्जिनिया उल्फले अ रुम अफ वान्स वोन लेखेपछि महिलाका अस्तित्व र स्वतन्त्रताका विषय अगाडि आए भने सन १९४९ मा सिमोन द बुभाले द सेकेन्ड सेक्स मार्फत महिलालाई दोस्रो दर्जाको व्यवहार गरिएको कुरा उठाएपछि संसारभर नारी अधिकारको विषयले प्राथमिकता पायो (ढकाल, २०७९ पृ. ५) । सन १९६० पछि यो विचारधारा प्रखर रूपमा अघि बढयो । महिलाले उच्चशिक्षाको लिने क्रममा कक्षाकोठामा भोग्नुपरेको लैङगिक हैरानीको एउटा कारण पाठयक्रम पनि भएको हुँदा पाठयक्रममा लैङगिक हैरानीका विरुद्धका विषय पनि समावेश हुनुपर्ने कुरा बताइन (हुक्स, सन २००३, पृ. १६५) । विश्वका धेरै देशमा आफ्नै समाजको स्थिति र अवस्था अनुसार महिला र पुरुषलाई समान तुल्याउन लैङगिकता र यौनिकताजस्ता चिन्तन विकसित भएका छन ।

नेपालका सन्दर्भमा नारीहरुले प्रत्यक्ष रुपमा आÌना विचार राख्न प्रतिबन्ध नभएता पनि महिलाहरु आफ्ना सम्बन्ध, यौनिकता, शरीर चाहनाबारे खुलेर बोल्ने वातावरण सिर्जना भएको छैन (थापा, २०७७, पृ. भ) । सुवेब ( सन २००४)का अनुसार उच्च शिक्षामा आख्यानको लैङ्गिक सन्तुलनको प्रभाव छात्राहरूको भविष्यमा पनि पर्ने गर्दछ (पृ.१५५) । यसलाई आधार मान्दै उच्च शिक्षाको पाठयक्रममा लैङ्गिक सन्तुलन हुन आवश्यक हुन आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले पुरुषप्रधान संस्कृतिका कारण महिलामाथि देखिएका समस्या र समाजले

उनीहरुलाई लगाएको आरोपको कारणको उजागर गर्छ । लैङ्गिक विचारधारामा लैङगिकताको पहिचान, त्यसप्रतिको भूमिकाको खोजी, समयको अन्तरालमा गरिने पठनका आधारमा लैङगिकताको भूमिकामा देखिने परिवर्तनको परीक्षण, लैङगिकताका रूढिहरूलाई गरिएको प्रोत्साहन र त्यसको भूमिकाको विश्लेषण, कृतिमा नारी, पुरुष र अन्य लिङगको सम्बन्धबारे भएको चित्रण र वर्णनको अध्ययन गरिएको हुन्छ (उप्रेती, २०६९, पृ. २४५) । शर्मा (२०७८) का अनुसार महिला र पुरुष दुवैलाई उपयुक्त योजना, कार्यक्रम, नीतिनियम निर्माण गर्ने विभेदरहित प्रक्रियाले लैङ्गिक समताको निर्माण गर्छ (पृ. १६४) । यस्तो सन्तुलनका लागि पाठयक्रम पनि महत्त्वपूर्ण मानिन्छ ।

## अध्ययन विधि तथा प्रक्रिया

मध्यपश्चिम विश्वविद्यालय ग्रयाजुयट स्कुल अफ एजुकेशन स्नातक तह नेपाली विषयको हाल अध्ययन अध्यापन भइरहेको पाठयक्रमलाई यस अध्ययनको केन्द्र बनाइएको छ । प्रस्तुत पाठयक्रममा रहेका आख्यान र कविता काव्य विधालाई यहाँ प्राथमिक सामग्रीका रूपमा पुस्तकालय कार्यबाट छनौट गरिएको छ । विश्लेषणका लागि लैङ्गिकताको सिद्धान्त र उच्च शिक्षाका शिक्षणसिकाइमा आधारित सामग्री तथा यस अध्ययनमा परेका पाठमा भएका पूर्वअध्ययनलाई द्वितीयक सामग्रीका रूपमा चयन गरिएको छ । ग्रयाजुयट स्कुल अफ एजुकेसन स्नातक तहको नेपाली विषयको पाठ्यक्रममा लैङ्गिक चेतना, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक विभेद र लैङ्गिक प्रतिरोधका कोणबाट अध्ययन गरिएको छ । यसका लागि स्नातक तहका नेपाली विषयमा सम्बद्ध विधाका लैङ्गिक प्रतिनिधित्वलाई तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ । उल्लेख गरिएका पाठमा लैङ्गिक विभेद र प्रतिरोधको अवस्थालाई सङ्केत गरिएको छ । त्यसपछि आख्यान, नाटक र कविताकाव्य विधामा लैङ्गिकताको पाठपरक र विषयवस्तुपरक विश्लेषण गरिएको छ । यसका लागि साहित्यका पाठमा लेखकको प्रतिनिधित्व, पात्रको चयन र प्रस्तुति तथा विषयको अध्ययन गरिने सैद्धान्तिक मान्यताका आधारमा लैङ्गिक संवेदनशीलताको पाटोबाट पाठयक्रमको विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

ग्याजुयट स्कुल अफ एजुकेशन स्नातक तह शिक्षाशास्त्र सङ्कायको नेपाली विषयको पाठयक्रममा रहेका आख्यान, नाटक र कविताकाव्य विधामा रहेका पाठलाई तीनवटा तालिकामा राखी अध्ययन गरिएको छ । तालिका नं. १ मा आख्यान, तालिका नं. २ मा नाटक र तालिका नं. ३ मा कविताकाव्यका रचनाहरूमा लैङ्गिक प्रतिनिधित्वलाई सर्वेक्षण गरी प्रस्तुत गरिएको छ । तालिकामा विधाअनुसार लेखक, पाठको शीर्षक, शीर्षकमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक विभेद र लैङ्गिक प्रतिरोधका कोणबाट पाठको लैङ्गिक प्रतिनिधित्वको सर्वेक्षण गरी प्रस्तुत गरिएको छ । प्रत्येक तालिकाको तल शीर्षकअनुसार लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ ।

### आख्यानमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

समाजमा रहेका विकृति र विसङ्गतिका विरुद्ध चेतना निर्माण गर्नका लागि आख्यानलाई महत्त्वपूर्ण विधाका रुपमा लिने गरिन्छ । सामाजिक न्यायका लागि आख्यानमा प्रयुक्त पात्र र घटनाको माध्यमबाट छलफलको बलियो आधार प्राप्त गर्न सकिन्छ । नेपाली साहित्यका आख्यानमा यस्ता पक्षको चित्रण प्रशस्त मात्रामा पाइन्छ । स्नातक तहको नेपाली विषयको पाठयक्रममा चौविस जना पुरुष लेखकका उन्नाइसवटा कथा र छवटा उपन्यास राखिएका छन भने तीन जना महिला स्रष्टाका तीनवटा कथा र एक उपन्यास चयन गरिएको छ । आख्यानका पाठको लैङ्गिक प्रतिनिधित्वलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका न. १**

आख्यानमा लैङ्गिक प्रतिनिधित्व

| विधा | लेखक | पाठको शीर्षक | शीर्षकमा लैङ्गिक | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिनिधित्व | | |
| कथा | गुरुप्रसाद मैनाली | अभागी | तटस्थता | | महिलालाई सहज रुपमा लिइएको |
| | पुष्कर शमशेर | परिबन्द | तटस्थता | | |
| | विश्वेश्वरप्रसाद कोइराला | मधेसतिर | शीर्षकमा तटस्थता | विधवाप्रति समाजको नकारात्मक दृष्टिकोण | महिलामा पुनर्विवाहको चाहाना तर महिलाको दमित प्रस्तुति |
| | भवानी भिक्षु | मैयाँसाहेब | नारीपात्रको केन्द्र | महिलालाई प्राप्य वस्तुका रुपमा लिनु | प्रेम प्राप्तिको चाहाना तर महिलाको दमित प्रस्तुति |
| | गोबिन्दबहादुर मल्ल गोठाले | म जुजुमान | पुरुषकेन्द्री | परम्परागत भूमिकामा महिला पात्र | |
| | रमेश विकल | लाहुरी भैसीँ | तटस्थ | परम्परागत भूमिकामा महिला पात्र | |
| | इन्द्रबहादुर राई | खीर | तटस्थ | | |
| | मदनमणी दीक्षित | ग्याँस च्याम्बरको मृत्यु | तटस्थ | | |
| | पारिजात | सिटीहलको एउटा बुढो ज्यामी | पुरुषकेन्द्री | | |
| | मनु ब्राजाकी | एकान्त | तटस्थ | महिलाको अस्तित्व वस्तु समान रहेको | |
| | प्रेमा शाह | पहेँलो गुलाब | तटस्थ | परम्परागत भूमिकामा रहेको | |
| | मोहनराज शर्मा | अघोरी बाबा | पुरुषकेन्द्री | | |
| | भागीरथी श्रेष्ठ | मातृत्वको चित्कार | महिलाकेन्द्री | परम्परागत भूमिका | |
| | प्रदीप नेपाल | थैले खत्रीको इतिहास | पुरुषकेन्द्री | परम्परागत भूमिका | |
| | सनत रेग्मी | लक्षमनियाँको गौना | महिलाकेन्द्री | महिलाप्रति समाजको परम्परागत सोच | दमित यौन चाहानाको कारण परम्पराको त्याग |
| | राजेन्द्र विमल | चरा बोल्छ | तटस्थ | परम्परागत सोच र भूमिका | |
| | ऋषिराज बराल | कदमलाल | पुरुषकेन्द्री | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तमासाको गीत | | | |
| | विजय चालिसे | अग्निचक्र | तटस्थ | | |
| | इस्माली | माछो माछो भ्यागुतो | तटस्थ | | |
| | महेशविक्रम शाह | सिपाहीकी स्वास्नी | महिलाकेन्द्री | परम्परागत भूमिका | |
| | | गाउँमा गीतहरू गुन्जिदैनन् | तटस्थ | | |
| | ऋषिराज बराल | पछबरिया टोल | तटस्थ | | |
| उपन्यास | लैनसिँह बाङ्देल | मुलुकबाहिर | तटस्थ | परम्परागत भूमिका | |
| | पारिजात | महत्ताहिन | तटस्थ | परम्परागत भूमिका | |
| | विश्वेश्वरप्रसाद कोइराला | तीन घुम्ती | तटस्थ | | जीवनको निर्णय स्वयम् गर्नु |
| | दौलतविक्रम विष्ट | भोक र भित्ताहरू | तटस्थ | परम्परागत | मुक्तिको निम्ति विद्रोह |
| | ध्रुवचन्द्र गौतम | उपसंहार अर्थात चौथो अन्त्य | तटस्थ | | |
| | नारायण ढकाल | प्रेतकल्प | तटस्थ | | |
| | बलदेव मजगैंया | मानसी | महिलाकेन्द्री | | |

प्रस्तुत तालिका अनुसार गुरुप्रसाद मैनालीको 'अभागी' कथाले परम्परागत भूमिकामा महिलालाई प्रस्तुत गरेको छ । महिला विधवा भएर पुरै जीवन श्रीमानको सतमा बसेर सन्तानको रेखदेख गरी आफ्ना हरेक चाहानाको बलिदान दिएर बाँच्नु पर्ने तर पुरुषले बिवाह गरेर आफ्नो गृहस्थ जीवन फेरी सुरु गर्न सहज वातावरण प्रदान गर्ने पितृसत्तात्मक समाजको चित्रण यस कथामा गरिएको छ । मलिलाई सहज रुपमा घरको कामकाज र बच्चाको हेरचाह गर्नको लागि मात्र लिइएको हुनाले महिलालाई उपयोगको लागि मात्र अर्थ्याइएको छ । पुष्कर शमशेर राणाको 'परिबन्ध' कथामा नारीले आफूलाई मन परेको पुरुषलाई प्रेम प्रस्ताव राख्न सक्नुलाई नारी चेतना र स्वतन्त्रताको सङ्केत गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथाले नारी पात्रका संवेदना र सबलतालाई केही रूपमा चित्रण गरेको देखिन्छ । विधवाले विवाह गर्ने योजनामा मधेसतिर लागेको सपना देखाउनु तत्कालीन समयको सचेत पक्ष मान्नुपर्छ ।

भवानी भिक्षुको 'मैया साहेब' कथाका मैयासाहेब शीर्षक महिलाकेन्द्री रहनु राम्रो पक्ष देखिन्छ । मैया साहेबलाई निडर पात्रका रुपमा लिइएको पाइन्छ । आफूले प्रेम गरेको पुरुषको अन्तै बिबाह हुँदा पनि खासै पछुतोमा नपरेकी एक शाहसिक र निडर पात्रका रुपमा प्रस्तुत गरिएको छ । गोबिन्द बहादुर मल्ल गोठालेको 'म जुजुमान' शीर्षक पुरुषकेन्द्री रहेको पाइन्छ ।। कथामा जुजुमानकी पत्नी र सालीको परम्परित भूमिका चित्रित छ । नेवारी समाजका महिलाको गृहिणी र पुरुष समर्पित नारी चरित्रलाई कथाले देखाएको छ । रमेश विकलको 'लाहुरी भैँसी'को प्रमुख पात्र लुखुरेकी पत्नीको अवस्था वर्गीय र लैङ्गिक दुवै दृष्टिले शोषित छ । इन्द्रबहादुर राईको 'खीर' कथामा अहिलेका युवा वर्गको दुविधापूर्ण जीवनको चित्रण गरिएको छ । जीवनलाई हामीले कल्पनामा यो, त्यो जस्तोसुकै बनाउँछु भने पनि जीवनमा जस्तो कर्म गऱ्यो जीवन पनि त्यस्तै हुने कुरा प्रस्तुत गरिएको यस कथामा महिला पात्र प्रयोग गरिएको देखिदैन । मदनमणी दिक्षितको 'ग्याँस च्याम्बरको मृत्यु' कथामा महिलालाई

प्रमुख पात्र बनाइएको छ । जीवनचेतना बोध गर्न सक्ने गुण महिला पात्रमा प्रस्तुत गरिएको छ । पारिजातको 'सिटीहलको एउटा बुढो ज्यामीसँग' कथामा महिला पात्रको भूमिका रहेको छैन ।

मनुब्राजाकीको 'एकान्त' कथामा पुरुष पात्रकै केन्द्रीयता रहेको छ र महिलालाई गौण पात्रका रुपमा प्रस्तुत गरिएको छ  यस कथामा महिलालाई बम पटाका भनेर उपयोगवादी पुरुषहरूको यौन चाहाना पूरा गर्ने र साधनका रुपमा उसलाई लिइएको छ । समाजमा महिलामाथि हुने यौनजन्य हैरानी र शोषणको सद्भावपूर्ण चित्रण यस कथामा छ । प्रेमा शाहको 'पहेलो गुलाब' कथामा महिलालाई प्रमुख पात्रको रुपमा प्रस्तुत गरिएको छ । महिलालाई यौन सन्तुष्टिको साधन बनाइएको छ । पुरुषले महिलालाई भोग्याबस्तुको नजरले हेर्ने गरेको पाइन्छ । महिला पीडामा छट्पटाएर, बाध्यात्मक जीवन बाँच्न सक्छन् तर आफू माथि भएको अन्याय, अत्याचारको विरुद्ध आवाज उठाउन र विद्रोह गर्न नसक्ने परम्परागत भूमिकामा महिलालाई प्रस्तुत गरिएको छ । मोहनराज शर्माको 'अघोरी बाबा' कथामा पुरुषकै केन्द्रीयतामा प्रस्तुत छ । भागीरथी श्रेष्ठको 'मातृत्वको चित्कार' कथाको शीर्षक महिला केन्द्री भएतापनि महिलाको भूमिका परम्परागत छ । महिलालाई कमजोर र पुरुषको आश्रयबिना केही गर्न सक्दैनन् भन्ने पितृसत्तात्मक सोचको यसमा चित्रण गरिएको छ ।

प्रदिप नेपालको 'थैले खत्रीको इतिहास' कथा शीर्षक पुरुषकेन्द्री रहेको छ । यस कथामा महिलाको भूमिका परम्परागत नै रहेको र श्रीमानको कारण समाजको यातना सहन परेको छ । पुरुषशासित समाजमा पीडा सहनु पर्ने महिलाको अवस्था देखाउँदै यस कथाले सहनशील महिलाको चित्रण गरेको छ । सनत रेग्मीको 'लक्षमनियाँको गौना' महिलाकेन्द्री कथा हो । यस कथामा लक्षमनियाँ समाजको परम्परागत सोचको कारण विभेदमा परेकी छ भने अर्कोतर्फ बालविबाह भएकी उसलाई श्रीमान लिन नआउँदा यौन चाहानाको कारण ऊ अर्को केटासँग भागेर उसले परम्परागत सोचलाई त्यागेर बिरोध जनाएकी छ । राजेन्द्र विमलको 'चरा बोल्छ' कथामा महिलाको भूमिका घरपरिवार सम्हाल्ने र सन्तान हुर्काउने रहेको छ । परम्परागत भूमिकामा नै महिला सिमित रहेकी छ । ऋषिराज बरालको 'कदमलाल तमासाको गीत' पुरुषकेन्द्री कथा हो । यस कथामा महिला चरित्रको भूमिका देखिदैन । विजय चालिसेको 'अग्निचक्र' कथा पुरुषकेन्द्री कथा हो । इस्मालीको माछो माछो भ्यागुतो कथामा महिला पात्रको कुनै भूमिका रहेको छैन । महेश विक्रम शाहको 'सिपाहीकी स्वास्नी' कथाको शीर्षक महिलाकेन्द्री रहेको छ । देशमा चलिरहेको द्वन्द्वमा आफ्नो श्रीमानको चिन्ता गर्दै बसेकी नारी पात्रको कथा रहेको छ ।

आधुनिक नेपाली उपन्यासका रूपमा पाठयक्रममा मुलुकबाहिर, महत्ताहिन, तीन घुम्ती, भोक र भित्ताहरू, उपसंहार अर्थात चौथो अन्त्य, प्रेतकल्प र मानसी गरी सातवटा रहेका छन् । लैनसिँह बाङ्देलको 'मुलुकबाहिर' उपन्यासमा म्याउची र मसिनीको भूमिकालाई चित्रण गरिएको छ । नारी चरित्रको दयनीय अवस्थाको अभिव्यक्ति भएको उक्त उपन्यासमा नारीहरुलाई पशुलाई भन्दा तल्लो स्तरको व्यवहार गरेर नदीमा फालेर मारेको कार्यले रनेमा उत्पन्न क्रोध उसको पितृसत्तात्मक अहम्कै परिणाम हो । केटीहरु जिस्काउनु, सिटी बजाउनु पनि पितृसत्तात्मक सोचकै परिणाम हो । यसमा प्रयुक्त पुरुषले सामाजिक लिङ्गभेद, पुरुष उत्पीडन तथा समाजमा पुरुष महिलाको फरक हैसियतलाई वर्गीय र लिङ्गीय दुबै कोणबाट बोध नगरेको कारण यसमा महिला प्रति परम्परागत दृष्टिकोण नै प्रस्तुत गरिएको छ । पारिजातको 'महत्ताहिन' उपन्यासमा महिलाले आफ्ना इच्छाहरूलाई दबाएर राख्नुपरेको विवश अवस्था देखिनुले परम्परागत भूमिका नै दिइएको पाइन्छ । महिलालाई घरपरिवार हेर्न र पुरुषहरूको भोग्या वस्तुको रुपमा प्रस्तुत गरिनुले सामन्तवादी पितृसत्तात्मक नेपाली समाजको यातनालाई सहेर बाँच्नु परेको विवश अवस्थाको चित्रण गरिएको देखिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' मा इन्द्रमायालाई  प्रमुख नारी पात्रका रुपमा चित्रण गरिएको छ । इन्द्रमाया पढेलेखेकी स्वतन्त्र निर्णय लिन सक्ने नारी पात्र उपस्थित गराइएको छ । उनका जीवनका तीनवटा मोड वा घुम्तीले नारी स्वतन्त्रतालाई बल पुऱ्याएका छन् । उनी स्वअहमता भएकी पात्र हुन् । श्रीमानले रमेशको छोरी त्यागे आफूले स्वीकार्ने प्रस्तावमा श्रीमान त्यागेर छोरी नत्यागेको प्रसङ्गबाट यो प्रष्ट हुन्छ । उनले वर्गीय सीमालाई पहिलो निर्णयबाट भत्काएकी छन् । दोस्रो निर्णयमा हाम्रो नेपाली समाज संस्कृति संस्कार मूल्य

मान्यतालाई त्यागी आफ्नो मनको शुद्धतालाई जोड दिएकी छन् । नेपाली संस्कार भन्दा भिन्न आधारबाट इन्द्रमायाको दोस्रो निर्णय पनि नारी स्वतन्त्रताको उच्च तहको निर्णय मानिन्छ । यी तीनवटै निर्णय इन्द्रमायाका जीवनका स्व निर्णय हुन् । उनी हाम्रो सामाजिक मान्यताबाट वर्गीय पर्खाललाई भत्काउने स्वतन्त्र नारीका रुपमा उपस्थित छन् । 'ध्रुवचन्द्र गौतम' भोक र भित्ताहरू उपन्यासमा नारी पात्र जुने र झुने रहेका छन् । जुने जगतेको शोषण सहन नसकेर झ्यालबाट हाम फालेर मर्नुले नारी शोषण र दमनको सिकार बनेको कुरा प्रस्तुत गरिएको छ । झुनेले अत्याचार सहन नसकेर घर छोडेर हिड्नुले पितृसत्तालाई भत्काउन खोजेको देखिन्छ । बलदेव मजगैंयाको 'मानसी' उपन्यास को शीर्षक महिलाकेन्द्री रहेको छ । सालीनीले सन्तान नहुँदा धामी, ज्योतिषी हेराउँदा हर्षको श्राप होकी भनी सम्झनुले नेपाली संस्कृतिलाई झल्काएको छ भने भने उसले सन्तान प्राप्तिको लागि प्रेमीलाई आफ्नो शरीर सुम्पनुले विद्रोहलाई प्रस्तुत गरिएको छ ।

### नाटकमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

नाटक विधाले समाजमा रहेका विभिन्न समस्याहरूलाई संवाद र द्वन्द्वका माध्यमबाट चित्रण गरेको पाइन्छ । यस पाठ्यक्रममा नेपाली साहित्यका बाह्रजना पुरुष नाटककारका तेह्रवटा नाटक र एकजना महिला नाटककारको एक मात्र नाटक समावेश गरिएका छन् । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

नाटकमा र एकाङ्कीमा लैङ्गिक प्रतिनिधित्व

| विधा | लेखक | पाठको शीर्षक | शीर्षकमा लैङ्गिक प्रतिनिधित्व | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|---|
| नाटक | बालकृष्ण सम | मुटुको व्यथा | तटस्थ | परम्परागत भूमिका | |
| | विजय मल्ल | स्मृतिको पर्खालभित्र | तटस्थ | महिलाले महिलालाई गलत बनाउनु | |
| | | सत्ताको खोजमा | तटस्थ | शोषणको सिकार | अस्तित्वको खोजी |
| | बासु शशी | बाँसुरीमा नअटाएका धुनहरू | तटस्थ | परम्परागत | |
| एकाङ्की | हृदयचन्द्रसिँह प्रधान | गङ्गालालको चिता | पुरुषकेन्द्री | परम्परागत सोच | विद्रोही भाव |
| | गोबिन्दबहादुर मल्ल 'गोठाले' | युगको सिकार | तटस्थ | परम्परागत सोच | |
| | भीमनिधि तिवारी | भावना | तटस्थ | | |
| | मोहनराज शर्मा | अब बाझौं हुन्न | तटस्थ | | |
| | गोपाल पराजुली | गोलार्द्धका दुई छेउ | तटस्थ | | |
| | अशेष मल्ल | म भनेको हामी | तटस्थ | | |
| | शिव अधिकारी | सिंहासन | पुरुषकेन्द्री | | |
| | सरुभक्त | मलामी | तटस्थ | | |
| | मनबहादुर मुखिया | अँध्यारोमा बाँच्नेहरू | तटस्थ | | |
| | शारदा सुब्बा | यशोधरा | महिलाकेन्द्री | | |

यस पाठ्यांशमा तेह्रजना पुरुष नाटककारका चौधवटा नाटक तथा एकाङ्की पाठयक्रममा राखिएका छन । बालकृष्ण समको 'मुटुको व्यथा' नाटकमा कपिला प्रमुख नारी पात्र रहेकी छ । उसले आफ्ना विचारहरू खुलस्त राख्न सक्छे । यस नाटकमा नारीले स्वतन्त्र निर्णय लगेको प्रेमले मात्र जीवन नचल्ने समाजमा अर्कोको घर परिवार तहसनहस बनाउने भारती जस्ता केही खराब चरित्रका महिला पनि हुने गरेको कुरा प्रस्तुत गरिएको छ । आफूले चाहेको मान्छेसँग बिवाह गरेर पनि कपिला खुसी हुन सकेकी छैन र श्रीमानले धोका दिएको कारण उसले आफ्नो प्राण त्याग गर्नुले परम्परागत कमजोर नारी पात्रको भूमिका निर्वाह गरेकी छ । बिजय मल्लको 'स्मृतिको पर्खालभित्र' र 'सत्ताको खोजमा' नाटक रहेका छन् । स्मृतिको पर्खालभित्र नाटकमा राणाकालीन उच्च वर्गको समाजमा हुने प्रेम विबाह र त्यसको विकृत रुप, आमाबाबुको दया माया विहिन सन्तानको मानसिकताको चित्रण गरिएको छ । नारी पात्रले आफ्नो बुबासरहको संरक्षक पुरुषसँग बिबाहको प्रस्ताव राख्नुले निडर मानसिकताको पात्रका रुपमा प्रस्तुत गरिएको छ । मल्लकै सत्ताको खोज नाटकमा नारी उत्पीडन, दमन, शोषणको यथार्थ प्रस्तुत गर्दै नारी आत्मसम्मान र स्वतन्त्र नारीसत्ताको खोजी गरिएको छ । नारीले भोग्नु परेका विपत्ति, पितृसत्ताले नारीको आत्मसम्मानमा पुगेको चोटलाई महाभारतको पात्र प्रमिलालाई मिथकीय रुपमा प्रयोग गरी नारी अपराजिता हुन नसक्ने भन्ने विद्रोहलाई जिवन्तता दिइएको छ ।

बासु शसीको 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकमा कान्छी प्रमुख नारी पात्र रहेकी छ भने डबली र सानीलाई पनि यसमा चित्रण गरिएको छ । कान्छी आसलालकी श्रीमती र सानीकी आमाको भूमिकामा देखा परेकी प्रमुख नारी पात्र हो । जस्तोसुकै दुःखमा पनि आफ्नो श्रीमानलाई साथ र सहयोग गर्ने परम्परागत नारी पात्र हो । उसले आफ्नो श्रीमानले जति पिट्दा पनि बिद्रोह गरेकी छैन । यस नाटकमा डबली मैयाको भूमिका पनि देखिन्छ । उसलाई पनि सुरुमा पुरुष प्रधान समाजमा समाजले नै बेस्या बनाएको कारण ऊ पितृसत्तात्मक सोचबाट ग्रसित नारी पात्र हो । परम्पराको विरोध गर्न नसक्ने र कान्छिकी छोरी सानीलाई पनि त्यहि कार्यमा लगाउने पात्रका रुपमा देखिन्छे । हृदयचन्द्र सिंहको 'गङ्गालालको चिता' एकाङ्की पुरुषकेन्द्री रहेको छ । यसमा गङ्गालालकी श्रमती हसिनादेवीलाई नारी पात्रका रुपमा लिइएको छ । बीस एक्काइस वर्षको कलिलो उमेरमा विधुवा हुन पुगेकी समाजमा अन्याएको विरुद्ध विद्रोह गर्न सक्ने महिला हुन् उनी ।  गोबिन्दबहादुर मल्ल 'गोठाले'को युगको सिकार एकाङ्कीमा प्रभा प्रमुख नारी पात्र रहेकी छन् । पुरुषप्रधान समाजमा नारीलाई घर धन्दाको सुसारेका रुपमा लिने परम्पराग्रस्त नारी पात्र प्रभा हो । उच्च ज्ञान सिप आर्जन गरेर पनि घर परिवार र समाजसँग विद्रोह गर्न नसक्ने कमजोर नारी पात्रका रुपमा उसलाई प्रस्तुत गरिएको छ ।

मोहनराज शर्माको 'अब बाँझो हुन्न' एकाङ्कीमा बुलाकी नारी पात्र रहेकी छ । बुलाकीलाई एक सचेत महिलाका रुपमा प्रस्तुत गरिएको छ । पुरुष हिंस्रात्मक हुन्छ भने महिला शान्त प्रकृतिका हुन्छन् भन्ने भाव पनि बुलाकीका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । आजको वैज्ञानिक युगको मानव उर्जाशील कार्य निर्माण, सिर्जना र उन्नत समाजको विकास जस्ता कुरामा लगाउनु पर्छ भन्ने महिलाको सशक्त र सबल भूमिका देखाएर बुलाकीलाई लिइएको कारण यस एकाङ्कीमा महिलालाई सचेत पात्रको रुपमा प्रस्तुत गरिएको पाइन्छ । मन बहादुर मुखियाको 'अँध्यारामा बाँच्नेहरू' एकाङ्कीमा एक जना महिला पात्र फुरी शेर्पाकी पत्निका रुपमा चित्रण गरिएको छ । श्रीमतीलाई सपनामा अरुले जिस्काउँदा बिहान उठेर श्रीमतीको दाँत झारिदिएकोले पितृसत्तात्मक समाजको पराकाष्टा देख्न सकिन्छ ।

### कविताकाव्यमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

कविता विधा सबै भन्दा पुरानो र जेठो विधा हो । यो लय र विम्बालङ्कारको कारण अरु भन्दा छुट्टै विधाको रुपमा प्रस्तुत हुने विधा हो । नेपाली साहित्यमा यसको लेखन अन्य विधाभन्दा प्रभावशाली देखिन्छ । प्रस्तुत पाठ्यक्रममा उन्नाइस जना पुरुष कवि रहेका छन् । कविता उनीहरूले कविता, खण्डकाव्य र महाकाव्य लेखेको देखिन्छ भने दुई जना नारी लेखकका दुईवटा कविता रहेका छन् । कविताकाव्यमा रहेको लैङ्गिक प्रतिनिधित्वलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

कविताकाव्यमा लैङ्गिक प्रतिनिधित्व

| विधा | लेखक | पाठको शीर्षक | शीर्षकमा लैङ्गिक प्रतिनिधित्व | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|---|
| कविता | लेखनाथ पौडेल | बसन्त कोकिल | तटस्थ | | |
| | लक्ष्मीप्रसाद देवकोटा | यात्री | तटस्थ | | |
| | सिद्धिचरण श्रेष्ठ | मेरो प्रतिबिम्ब | तटस्थ | | |
| | गोपालप्रसाद रिमाल | सपनामा | तटस्थ | परम्परागत, कमजोर भूमिका | |
| | भूपि शेरचन | घुम्ने मेचमाथि अन्धो मान्छे | तटस्थ | | |
| | मोहन कोइराला | फर्सीको जरा | तटस्थ | | |
| | पारिजात | लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र | महिलाकेन्द्री | | प्रतिरोधी चेतना |
| | वैरागी काइँला | मातेको मान्छेको भाषण | पुरुषकेन्द्री | | |
| | दिनेश अधिकारी | ईश्वर र मान्छे | तटस्थ | | |
| | तोया गुरुङ | धेरै टाढाकी प्रियतमालाई | महिलाकेन्द्री | | |
| | मन्जुल | आज राति आकाश | तटस्थ | | |
| | श्रवण मुकारुङ | बिसेनगर्चीको बयान | पुरुषकेन्द्री | | |
| | हरिभक्त कटुवाल | यो जिन्दगी खै के जिन्दगी | तटस्थ | | |
| खण्डकाव्य | लेखनाथ पौड्याल | ऋतुविचार | तटस्थ | परम्परागत भूमिका | |
| | लक्ष्मीप्रसाद देवकोटा | कुञ्जिनी | महिलाकेन्द्री | परम्परागत भूमिका | संवेदनशील |
| | माधव घिमिरे | हिमालवारी हिमालपारि | तटस्थ | | |
| | मोहन कोइराला | नदी किनाराका माझी | पुरुषकेन्द्री | | |
| महाकाव्य | भानुभक्त आचार्य | रामायण | पुरुषकेन्द्री | परम्परागत भूमिकामा नारी पात्र | |
| | लक्ष्मीप्रसाद देवकोटा | सुलोचना | महिलाकेन्द्री | महिलाप्रति हेपाहा दृष्टि | प्रेमप्राप्तिको चाहाना |
| | उमानाथ शास्त्री | मकवानीवाला | महिलाकेन्द्री | परम्परागत भूमिकामा नारी पात्र | |
| | मोदनाथ प्रश्रित | मानव | पुरुषकेन्द्री | पुरुषबाट उपेक्षित | प्रतिरोधी |

माथिको तालिका अनुसार फुटकर कवितामा एघार जना पुरुष कविका कविता र दुईजना महिला स्रष्टाका कविता पाठ्यक्रममा परेका छन् । पाठ्यक्रममा समाविष्ट कविताहरूमध्ये  गोपाल प्रसाद रिमालको 'सपनामा' कवितामा महिलालाई कमजोर पात्र जसलाई उसको पुरुष प्रेमी आएर बन्धनबाट निकालेर स्वतन्त्र बनाओस् भन्ने कामना प्रस्तुत गरिएको छ । महिला शारीरिक रुपमा कमजोर हुन्छन् र उनीहरूलाई बचाउनको लागि पुरुषको नै साथको जरुरी हुन्छ भन्ने भाव कवितामा प्रस्तुत गरिएको छ । महिला पुरुषमा निर्भर रहने परम्परागत मानसिकता कवितामा प्रस्तुत भएको देखिन्छ । पारिजातको 'लाहुरेलाई एक रोगी प्रेमीकाको पत्र' कविताको शीर्षक नै महिला बुझाउने शब्द शब्दावलीमा उल्लेख गरिएको छ । प्रेम गरेको प्रेमी फर्केर आउँछु भनी गएको तर ऊ फर्केर नआएपछि रोगी प्रेमीकाले अब आफूले उक्त प्रेमी प्रतिको प्रेम मरेर गएको र अब पुनर्जीवित गर्न नसक्ने र आफू स्वतन्त्र भएर बाँच्न चाहेको कुरा उनले प्रस्तुत गरेकी छन् । महिलाको मन कोमल भएको र पुरुष कठोर भएको कारण धेरै लामो समयसम्म पर्खाएर फर्केर नआएको कुरा प्रस्तुत गरिएको कविता हो । लेखनाथ पौडेलको 'वसन्त कोकिल' लक्ष्मी प्रसाद देवकोटाको 'यात्री', सिद्धिचरण श्रेष्ठको 'मेरो प्रतिबिम्ब' भूपिशेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे', मोहन कोइरालाको 'फर्सीको जरा', बैरागी काइँलाको 'मातेको मान्छेको भाषण', दिनेश अधिकारीको 'ईश्वर र मान्छे', मन्जुलको 'आज राति आकाश', श्रवण मुकारुङको 'विसे नगर्चीको बयान' र हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी'  कवितामा महिला पात्र प्रयोग नगरिएको हुँदा तटस्थ रहेको देखिन्छ । महिलाको स्वतन्त्र चरित्र र संवेदनालाई पाठयक्रममा राखिएका कुनै पनि कविताले सम्बोधन गरेका छैनन् ।

खण्डकाव्य र लामो कवितामा चारजना पुरुष लेखकका चारवटा खण्डकाव्य र लामो कविता पाठ्यक्रममा समाविष्ट छन् । लेखनाथ पौडेलको ऋतुविचारमा छ ऋतुको प्रकृति वर्णन गर्ने सन्दर्भमा सामाजिक, सांस्कृतिक, नैतिक आध्यात्मिक पक्ष समेटिएका छन । वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर ऋतुको वर्णन गर्ने क्रममा कविले समाज चेतनाका अनेक सन्दर्भमा समाजमा महिलाको अनेक अवस्थालाई चिनाउन पुगेका छन । नेपाली समाजमा विद्यमान रूढि, अन्धविश्वास, कुप्रथा र विसङगतिप्रति व्यङग्य गरेका उनले सुधारको स्वर निकालेका छन । तत्कालीन राणाशासनका दरबारिया धाकरवाफको सन्दर्भसँगै कतैकतै महिलाको अवस्थालाई पनि सङ्केत गरेको देखिन्छ । जस्तो 'वर्षा जाँगरिली दासी धोई पोती लिपी चली, शरद मालिकिनी जस्तै गर्न थाली ढलीमली' पङक्तिले तत्कालीन समाजको वर्गीय रूप र महिलाको अवस्थालाई चिनाएको छ । पुरुषको सुखका लागि दासी, नर्तकी, धाई, भोग्या आदि बन्न बाध्य तत्कालीन समयका महिलाको अवस्था काव्यका विभिन्न सन्दर्भमा उपमाका रूपमा आएका छन । लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'कुञ्जिनी' खण्डकाव्यकी नायिकाको नाममा शीर्षक केन्द्रित छ । यसमा नायिकाको भूमिकालाई भेडा चराउने गोठाल्नीको भूमिकामा प्रस्तुत गरिएको छ । तर गोरे जर्मनको लडाइमा गएको कारण कुञ्जिनीका बुबाले छोरीको बिहे सेतेसँग गरिदिने निधो गर्नुले घरमा पुरुषले नै भनेको कुरा लागु हुनुले पितृसत्तात्मक दृष्टिकोणलाई चित्रण गरेको छ ।

गोरे राउतलाई प्रेम गरेकी छ तर बाबुको वचन त्याग्न नसकेर सेतेसँग विहे गर्ने पक्का भएपछि भित्र भित्र पीडाले छटपटिएकी कुञ्जिनीले पिताको वचनको विरोध नगरी आत्महत्या गरेको प्रसङ्ग निकै पीडादायी र वेदनापूर्ण रहेको छ । घर र जीवन आत्मीयता र सुखमा अडिएको हुन्छ भन्ने महिलाको भावको वेवास्तापूर्ण सामाजिक पितृसत्तात्मक सोचलाई यस काव्यले चित्रण गरेको छ । यो काव्य लैङ्गिक संवेदना र सचेतनाका कोणबाट केही सन्तुलित भए पनि महिलालाई कमजोर र निरीह पात्रका रूपमा नै चित्रण गरिएको छ । बुबाको सेतेसँग विहे गरिदिने निर्णयको कारण मृत्युवरण गरेकी कुञ्जिनी झिलीमिली गहना लाएर सजिएको कुराले महिलाको अवस्था आदिको चित्रणले तत्कालीन महिलाको परम्परागत सोच र भूमिकालाई मात्र सम्बोधन गरेको छ । धन कमाउनु पर्ने पुरुषको बाध्यताले पुरुषप्रति भएको लैङ्गिक दमनलाई सङ्केत गरेको छ । आत्मीयता र भौतिकताको द्वन्द्वमा महिला र पुरुषको समाजनिर्मित लैङ्गिक अवस्थालाई देखाइएको छ । नारी सधैं कोमल, संवेदनशीन, सहनशील, विद्रोह गर्न नसक्ने, परिस्थितिमा छिटो हार खाने आदि हुन्छन भन्ने चित्रण कुञ्जीनीको चरित्रले देखाउँछ भने पुरुषको दम्भी, साहसी र पौरुष चरित्र पनि समाजले निर्माण गरेको लैङ्गिक निर्मितिको

एउटा पाटो हो । 'राजाको हुकुम, मर्दको रकम, हामीहरू देशका सिपाही नूनको रीन, सोझो हो सुन, गर्नुपर्छ लडाई ' जस्ता अभिव्यक्तिले पुरुषप्रति समाजको दबाबसँगै पुरुष अहमको पाटोलाई पनि काव्यले सङ्केत गरेको छ । महिलामा आँसु हुने र पुरुषमा साहस हुने परम्परित पाटाको सङ्केतले लैङ्गिक समानताको पक्षमा यस काव्यले चेतनाको निर्माण गर्न सकेको देखिन्न ।

चारजना पुरुष लेखकका चारवटा महाकाव्य पाठ्यक्रममा समाविष्ट छन् । भानुभक्त आचार्यको रामायण महाकाव्यमा पुरुष पात्र रामको केन्द्रीयतामा रचिएको महाकाव्य हो । यसमा पुरुषको कारण महिला पात्र सीताको जीवन दुखी हुन पुगेको छ । महाकाव्यले रघुकुलको आदर्शको चित्रण गर्ने क्रममा सीताप्रति भएको दमनलाई पनि आदर्शकै रूपमा चित्रण गरेको छ । रामराज्यको सर्वोपरि व्याख्या भइरहने यो महाकाव्यमा रावणले सीतालाई गरेको हरण अनि रामद्वारा सीतालाई गरिएको परित्यागलाई प्रस्तुत गरेको छ । पुरुषका हरेक भूमिका आदर्श रहने महिलाचाहिँ सधैं पुरुषको भोग्या र उनीहरूको चाहनाअनुसारको पात्रका रूपमा चित्रित भएको धार्मिक पौराणिक सन्दर्भजस्तै यस महाकाव्यले पनि त्यसैलाई अनुसरण गरेको छ । सीता महिला भएकै कारण अग्नीपरीक्षा दिनुपर्ने र चरित्रलाई शङ्का गरेर गर्भवती अवस्थामा वनमा लगेर त्याग गर्नु लैङ्गिक विभेदी दृष्टिकोण हो ।

लक्ष्मीप्रसाद देवकोटाको 'सुलोचना' महाकाव्य नारी पात्र सुलोचनाको केन्द्रीयतामा रचिएको भए पनि पुरुषकै कारण उसको जीवन अन्धकार हुन पुगेको छ । अनङ्ग  र सुलोचनाको प्रेमसन्दर्भको मूल कथ्यमा रचिएको यस महाकाव्यमा अनङ्गसँग विहे हुन नपाएपछि सुलोचनाको वियोगपूर्ण जीवनकथा चित्रित छ । सूलोचनाले आफ्नो मन अनङ्गलाई सुम्पेकी छन् तर उनको शरीरमाथिको आधिकारचाँहि विलाससिंहले सुरक्षित गरेको छ । बाबुआमाको वर्गीय आडम्बरको सिकार हुन पुगेकी सुलोचनाको विबाह जाँड रक्सी खाने असत चरित्रको पात्र विलाससिंहसँग हुनु र विलाससिंहले श्रीमतीलाई कुट्नेपिट्ने गर्नुले विलाससिंहलाई पुरुष शासित समाजको अवस्था र महिलाप्रतिको चरम संवेदनाहीनतालाई सङ्केत गर्दछ । आफ्नो स्वतन्त्रताको लागि जीवनको निर्णय लिन नसक्ने पात्र र श्रीमानले सौता ल्याउँदा परित्यक्ताको अवस्थामा रहेकी सुलोचनाको चित्रणले छोरीप्रतिको सामाजिक असंवेदना र विभेदलाई नै चित्रण गरेको छ । सुलोचनालाई सहनशील र आदर्श नारी चरित्र देखाउनुबाट पितृसत्ताले अपेक्षा गरेको महिलाको मौन र अविद्रोही चरित्रलाई यस महाकाव्यले प्रश्रय दिएको छ । निश्छल मानवीय गुणले भरिएकी सुलोचनाको चरित्रमाथि सत्ता, शक्ति अनि परिवारले दिएको मानसिक पीडा मात्र देखिन्छ । सुलोचना  महाकाव्यमा तत्कालीन समयको विश्वयुद्धको चर्चा भएको छ । महिलाप्रतिको समाजको असंवेदनाको चित्रणले मात्र होइन सहनशीलतालाई नै विजयको कारक बनाउने महिलाको नियतिको चित्रणले देवकोटाको यो महाकाव्यले अपेक्षित लैङ्गिक चेतनाको निर्माण गर्न सकेको छैन । नारी चरित्रलाई केन्द्रमा ल्याउनु, उसको सामाजिक अवस्थालाई चिनाउनु अनि महाकाव्यको मूल कथानक नै महिलाका जीवनको विषयमा केन्द्रित हुनु लैङ्गिकताका दृष्टिले यसको सकारात्मक पक्ष मान्न सकिन्छ ।

उमानाथ शास्त्रीद्वारा रचिएको मकवानीवाला ऐतिहासिक महाकाव्य हो । यसमा पितृसत्ताको आडम्बरको जातोमा पिसिन बाध्य नारी इन्द्रकुमारीको जीवनलाई प्रस्तुत गरिएको छ । राजाकी पुत्री भएर पनि उनले आफ्नो दाजुको आडम्बरको कारण आफ्ना मनोकांक्षाहरूलाई दबाएर राख्नु पर्ने भएको कारण महिलाको संवेदनालाई सबल रुपमा प्रस्तुत गरेको छ । महिलाका चाहानाको बाधक बन्ने पितृसत्तातमक समाजको चित्र यस महाकाव्यमा जीवन्त रुपमा चित्रण गरिएको छ । आफ्ना चाहानाहरू दबाएर बाच्नु पर्ने परम्परागत नारीको भूमिका इन्द्रकुमारीको रहेको देखिन्छ । इन्द्रकुमारीलाई आफ्नो श्रीमानको घरमा जाने चाहाना हुँदाहुँदै पनि बुवा र दाजुको अघि आफ्ना विचार राख्न नसक्नु र मनलाई सान्त पार्न ईश्वर भक्तिमा लाग्नुले उनलाई कमजोर पात्रका रुपमा प्रस्तुत गरिएको छ । उनका पिताका अनुनयमा पतिको घरमा जाने सहमति भएपछि उनका पति पृथ्वीनारायण शाहले मागेको दाइजोको प्रसङ्गले सम्पत्तिको मोहमा परेर आत्मिक प्रेम भन्दा पनि भौतिक सम्पत्तिप्रतिको मोहमा डुबेको पितृसत्तात्मक समाजको चित्रण गरिएको छ । छोरीलाई बिहेमा दाइजो दिनुपर्ने हाम्रो कमजोर संस्कृतिको चित्रण यस महाकाव्यमा प्रस्तुत गरिएको छ ।

मोदनाथ प्रश्रितद्वारा लेखिएको मानव महाकाव्यमा सरीता र पुतली जस्ता नारीपात्रहरू रहेका छन् । उक्त महाकाव्यमा आर्थिक असमानताले उब्जाएका सामाजिक विकृति र विसङ्गतिविरुद्ध महाकाव्यकारले कलम चलाएका छन् । जातीय अस्तित्वका लागि नारीको भूमिका पुरुषको भन्दा धेरै भएपनि यस महाकाव्यमा छोरीहरू अपहेलित छन् । सृष्टि संरचनाका प्रमुख भूमिका रहेका नारीहरूलाई खेलौनाको रुपमा प्रयोग गरिएको छ । समाजमा रहेको छोराछोरी बीचको भेदयुक्त दृष्टिकोण यसमा पाच्य छैन । छोरीहरू मात्र जन्म दिएको आरोपमा सरीता माथि चरम यातना थोपरिएको छ भने छोरोबिना स्वर्ग गईंदैन भन्ने मान्यताका कारण सातवटी छोरीहरूकी आमा भए पनि छोरा प्राप्तिको भोक सरितामा भएको कारण उनी परम्परागत महिलाको भूमिका निर्वाह गर्ने पात्रका रुपमा देखिएकी छन् । कमजोर वर्गका पुतली जस्ता पात्रलाई बलात्कार गरेर मृत्युको सिकार बनाइएको छ । यस सन्दर्भबाट महिलाहरू कमजोर र पुरुषहरू शक्तिशाली रहेको र सामन्तवादी पितृसत्तालाई प्रस्तुत गरिएको छ । आIनै लोग्नेको गर्भ बोकी कामी कालेकी बहिनीले जन्माएको पुत्र मोहनलाई जीवनदान दिनका लागि लोग्ने गजानन र सातवटी छोरीहरूलाई त्याग्ने सरितालाई अन्यायका विरुद्ध विद्रोह गर्ने पीडित नेपाली नारीहरूको प्रतिनिधित्व गर्ने पात्रका रुपमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

स्नातक तह शिक्षाशास्त्र सङ्काय नेपाली विषयको आख्यान विधाको पाठयक्रममा पुरुष स्रष्टाका रचना प्रशस्त मात्रामा रहेको देखिन्छ । कथा विधामा पुरुष चौबिस जना रहेका छन् भने महिला तीन जनामात्र रहेका छन् । महेशविक्रम शाहको कथा दोहोरिएको देखिन्छ । नाटक विधामा पुरुष लेखक बाह्रजना रहेका छन् भने महिला एक जना मात्र रहेको देखिन्छ । बिजय मल्लको नाटक दोहोरिएको पाइन्छ । कविता काव्य विधामा पुरुष लेखक उन्नाइस जना रहेका छन् भने महिला लेखक दुई जना मात्र समेटिएको छ । पारिजात नेपाली साहित्यमा पुरुषसरहको चेतनामा आफै उठेकी स्रष्टा हुन । उपन्यास, नाटक, कविताकाव्य सबै विधामा पुरुष लेखका रचना मात्र छन । तिनमा लेखनाथ पौडेल, र मोहन कोइरालाका सिर्जना कविता, खण्डकाव्यमा दोहोरिएका छन् भने लक्ष्मीप्रसाद देवकोटाका सिर्जना  कविता, खण्डकाव्य र महाकाव्य तीनै विधामा रहेका छन । त्यसैगरी विश्वेश्वर प्रसाद कोइराला र पारिजात पनि कथा विधामा दोहोरिएको देखिन्छ भने कथा र नाटक विधामा गोबिन्द बहादुर मल्ल गोठालेका दोहोरिएको देखिन्छ । पाठयक्रममा चयन भएका सिर्जनामा मधेसतिर, मैयासाहेब, एकान्त, पहेलो गुलाब, मातृत्वको चित्कार, लक्षमनियाँको गौना, सिपाहीकी स्वास्नी, तीन घुम्ती, भोक र भित्ताहरु, मानसी, सत्ताको खोजमा, अब बाँझो हुन्न, लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र, कुञ्जिनी, मानव जस्ता केही सिर्जनाहरूले विषयगत पक्षबाट लैङगिक संवेदना र चेतनाका केही पक्ष निर्माण गरेका छन । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुलाई वर्तमान समयको अपेक्षाअनुरूपका लैङ्गिक चेतनाको बर्चस्व भएका सिर्जना यस पाठयक्रममा समावेश भएका छैनन् ।

स्नातक तहको नेपाली विषयको पाठयक्रममा स्थापित लेखकका सिर्जनाको चयन भएको छ तर जसरी राजनीतिमा महिला प्रतिनिधित्वको प्रश्न उठछ त्यसैगरी पाठयक्रममा पनि सामाजिक राजनीतिक जीवनको प्रतिबिम्बन हुनुपर्छ । लैङगिक रूपमा संवेदनशील पाठयक्रममा लेखकको प्रतिनिधित्व हेरिन्छ । पुरुष लेखकका रचनामात्र सबल छन भन्ने नाउँमा महिला लेखकका रचनाप्रति बेवास्ता गर्ने हो भने विद्रोह गर्नुपर्ने स्थिति आउन सक्छ । पुरुष लेखकका पनि लैङगिक चेतनाले विशिष्ट मानिएका सिर्जना नेपाली साहित्यमा प्रशस्त प्रकाशित भइसकेको सन्दर्भमा रचना चयनमा लैङ्गिक संवेदनशीलताको पाटोमा पाठयक्रम निर्माताहरू चुकेको देखिन्छ । नेपाली साहित्यमा महिला लेखनको इतिहास झन्डै दुई सय वर्ष पुग्दा पनि तिनका सिर्जनालाई स्नातक तहको पाठयक्रममा पुरुष सरह समेट्न नसक्नु विडम्बना नै हो । पुरुष स्रष्टाका लैङगिक चेतनामा सकारात्मक बहस गरेका रचना छान्न नसक्नु पाठयक्रमको अर्को कमजोरी रहेको छ । महिलाको परम्परागत भूमिका र पितृसत्ताले राखेको भोगवादी दृष्टिकोणलाई नै प्रश्रय दिने खालका रचनाको प्रस्तुतीले विद्यार्थीमा लैङगिक चेतनाको विकास गराउन सक्ने अवस्था देखिदैन । पाठयक्रममा पाठयवस्तुको चयन विषयवस्तुका साथै शैक्षणिक प्रयोजनका लागि हुन्छ ।

यस दृष्टिले प्रस्तुत पाठयक्रममा विषयवस्तुको विविधता र तिनलाई आलोचनात्मक चेतनाका साथ शिक्षण गर्न सकिने आधार पनि छन् । यतिले मात्र पाठ्यक्रम सन्तुलित हुन नसक्ने भएको कारण समावेशिता र सांस्कृतिक पक्षलाई पनि समेट्न सक्नु पर्छ । सांस्कृतिक सन्तुलनका दृष्टिले स्नातक तहका सम्पूर्ण विधागत पाठयवस्तुहरू सबल देखिदैनन् । लैङ्गिक सबलतालाई विकास गर्न नसक्नु यस पाठ्यक्रमको कमजोरीका रुपमा लिन सकिन्छ । विधागत शिक्षण सिकाइका दृष्टिकोणबाट पाठको शिक्षण उपादेयता सबल नै देखिन्छ । पाठयक्रमलाई समाजको प्रतिबिम्ब मानिने भएकाले महिला र पुरुषको सहभागिता समान हुनु आवश्यक देखिन्छ । पाठयक्रममा सामाजिक न्याय स्थापित हुन नसक्नु दुःखद पक्ष हो । बौद्धिक वर्गको केन्द्र मानिने विश्वविद्यालयको वर्तमान पाठयक्रममा सुधार गरेर पाठयक्रम निर्माणमा महिला सहभागिता र पाठयक्रममा लैङ्गिक प्रतिनिधित्व हुनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्रीहरु


उप्रेती, सञ्जीव (२०६९). सिद्धान्तका कुरा (चौथो संस्क.). अक्षर क्रियसन्स ।

कस्तवार, रेखा (सन २०१६). स्त्री चिन्तन की चुनौतियाँ (दोस्रो संस्क.). राजकमल प्रकाशन ।

कात्यायनी र सत्यम, (सन २००९). 'उन्नीसवीं शताब्दीमेँ स्त्री-प्रश्न औ जान स्टुअर्ट मिल', सम्पादकीय प्रस्तावना, स्त्रीयों की पराधीनता, (लेखक, जान स्टुअर्ट मिल, अनु. प्रगति सक्सेना) (दोस्रो संस्क.). राजकमल प्रकाशन, पृ. ९-३० ।

ग्रयाजुयट स्कुल अफ एजुकेसन शिक्षा शास्त्र सङ्काय (२०७०, परिमार्जित २०७३). सेमेस्टर प्रणालीमा आधारित बि.एड.नेपालीको पाठ्यक्रम. मध्यपश्चिम विश्वविद्यालय ।

ढकाल, रजनी (२०७९). स्नातकोत्तर तहको नेपाली पाठ्यक्रममा लैङ्गिक चेतना. विकासको निम्ति शिक्षा, २६(१)

ढुङ्गाना, कृष्ण (२०६६). लैङ्गिक समविकास शिक्षा. शिक्षा विभाग, भक्तपुर ।

त्रिपाठी, सुधा (सन २०१२).नारीवादी सौन्दर्य चिन्तन. भृकुटी एकेडमिक पब्लिकेसन ।

पाण्डे, रेणुका (२०६६). लैङ्गिक समविकास शिक्षा. शिक्षा विभाग, भक्तपुर ।

बराल, खगराज (२०६६). लैङ्गिक समविकास शिक्षा. शिक्षा विभाग, भक्तपुर ।

बलायर, भोज बहादुर (२०६५). शिक्षा जगतको पत्रिका. शिक्षा विभाग, भक्तपुर ।

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक समालोचना. रत्न बृहत् नेपाली समालोचना (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न पुस्तक भण्डार, पृ २५९-२७३ ।

भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ. भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०७८). समालोचनाका नयाँ कोण . ओरिएन्टल पब्लिकेसन ।

Barkar, C. (2000). Cultural Studies. Sage.

Beltran, M. (2018). Representation. In the craft of criticism (97-108). Routledge.

El Kholy, R. K. (2012). Gender representation in English language textbooks taught in Egyptian schools. CDELT Ain Shams University.

Glover, D & Kaplan, C (2007). Genders. Routledge.

Hopper, G. (2015). Art, Education and Gender. The Shaping of Female ambition, Palgrave Macmillon.

Hooks, B. (2003). Teaching Community, A Padagogy of Hope. Routledge.